पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुविधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २२ गते बिहीबार ❑ 6 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मानवअधिकारको रक्षाका लागि सरकार कटिबद्ध छः प्रधानमन्त्री

**रासस**
काठमाडौं, २१ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले मानवअधिकारको रक्षा र संविधानको मौलिक हकहरूको कार्यान्वयनका लागि सरकार कटिबद्ध रहेको बताउनुभएको छ।

मानवअधिकार रक्षकहरूको पाचौँ राष्ट्रिय सम्मेलन एवं राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलायन्स) को छैटौँ राष्ट्रिय महाधिवेशनको बुधबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले मानवअधिकारका लागि आन्दोलन गर्ने दुई ठूला दलको सहभागितामा अहिलेको सरकार बनेकाले यसले मानवअधिकारको उल्लङ्घन हुन नदिन र कानुनी शासनको पालना गर्नमा विशेष महत्व दिने स्पष्ट गर्नुभएको हो।

"अहिले व्यवस्थामा परिवर्तनसँगै अवस्थामा परिवर्तन भइसकेको तर मावनअधिकारका सन्दर्भमा नक्कली कुरा गर्नेहरू पनि देखिएका छन् । सरोकार नभएको, अर्थ र मर्म थाहा नभएको वा थाहा पाएर पनि बोल्नका लागि बोल्नेहरू पनि छन् । सत्य कुरा बोल्दा मानवअधिकार रक्षकहरूलाई अमानवीय धम्की दिने असामाजिक क्रियाकलाप भएका छन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको सरकारले मानवअधिकार हननकर्तालाई कानुनको दायरामा ल्याउँछ । नेपाली जनतालाई सुखी र समृद्ध बनाउनका लागि यथार्थरुपमा मानव अधिकार स्थापित हुनुपर्छ भन्नेमा हामी स्पष्ट छौँ । प्राकृतिकरुपमा सुन्दर र उर्बर भूमि नेपालका हरेकको नागरिकको जीवन सहज, विभेदरहित, निर्भय र शान्तिपूर्ण हुनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।" नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलनका सहिदहरूको त्याग र बलिदानबाट आज मुलुकमा मानवअधिकार सुनिश्चित भएको उल्लेख गर्नुभयो । पञ्चायती शासनविरुद्धको आन्दोलनका क्रममा जेल सार्ने बहानामा २०२९ सालको आजकै दिन झापाको सुखानी जङ्गलमा लगेर हत्या गरिएका सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठ तथा अन्य कालखण्डका सहिदहरूलाई सम्झँदै प्रधानमन्त्री ओलीले जनताको अधिकारका लागि लागेकालाई मुत्युदण्ड दिने त्यस्ता शासकका पक्षधरहरूले राजतन्त्र ब्युँताउने कुरा गर्नु स्वीकार्य नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "आफू स्वयंले कठोर जेल यातना भोगेकाले अहिलेको सरकारको पहिलो कर्तव्य मानव अधिकारको सुनिश्चित गर्नु हो, मानवअधिकारको रक्षा गर्ने कुरामा सम्झौता हुँदैन ।"

प्रधानमन्त्री ओलीले कागजमा लेखिएको मानवअधिकारले खान लाउन नदिने भएकाले गरिबी र भोकमा तड्पिएका बालबालिका र सबैले खाना लाउन पाउने अधिकारका लागि आफूहरूले काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालले मुत्युदण्डको सजायँको व्यवस्था नअपनाउने स्पष्ट गर्दै दोषका आधारमा कडाभन्दा कडा सजायँ दिन सकिने बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले 'एलायन्स'द्वारा पहिलोपटक स्थापित रु एक लाख राशीको केपी शर्मा ओली मानव अधिकार तथा स्वतन्त्रता पुरस्कार वरिष्ठ पत्रकार भैरव रिसाललाई प्रदान गर्नुभयो ।

## गण्डकी प्रदेश साहसिक पर्वतीय खेल पर्यटनको हब बन्न सक्नेछः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले गण्डकी प्रदेशलाई साहसिक तथा पर्वतीय खेलकुद पर्यटनको हबका रुपमा विकास गर्न सकिने बताउनुभएको छ।

अल्पाइन स्पोर्ट्स फेडेरेशन, गण्डकी प्रदेशको प्रथम साधारणसभामा प्रमुख अतिथि भट्टले नेपाल विश्वमै लोकप्रिय साहसिक तथा पर्वतीय खेलको केन्द्रबिन्दु बन्न सक्ने बताउँदै मुलुकभित्र पनि गण्डकी प्रदेशलाई हबका रुपमा विकास गर्न सकिने बताउनुभयो। 'गण्डकी प्रदेशलाई हिमाल पारीको जिल्ला मुस्ताङ र मनाङ गण्डकी प्रदेशमा अवस्थित छन् । मनोरम माछापुच्छ्रे, धौलागिरी, अन्नपूर्ण हिमश्रृंखलालाई ऐना बनाएर खेल खेल्नका लागि विदेशबाट खेलाडीहरु यहाँ ल्याउन सकिन्छ ।'- प्रदेश प्रमुख भट्टले भन्नुभयो । गण्डकी प्रदेश सरकार, संघ सरकार र स्थानीय तहहरुले पनि धेरैअघिदेखि केही प्रयास गरेको पाएको बताउँदै उहाँले राष्ट्रिय खेलकुद परिषदको अगुवाईमा मनाङको तिमाङमा 'हाई अल्टिच्युड ट्रेनिङ सेन्टर' निर्माण, मुस्ताङको लोमाञ्थाङमा विश्वकै अग्लो गल्फ कोर्स निर्माण, गण्डकी प्रदेश सरकारले मुस्ताङको बारागुङ मुक्तिक्षेत्रमा हाई अल्टिच्युड खेल मैदान तथा ट्रेनिङ सेन्टर निर्माण प्रक्रिया अघि बढाउनु सकारात्मक पक्ष रहेको बताउनुभयो ।

पर्वतीय तथा उच्च हिमाली क्षेत्रमा खेलिने खेललाई आवश्यक मैदान तथा भौतिक पूर्वाधारको अभाव, जनशक्ति अभाव तथा समुदायबाट टाढा रहेर खेल्नुपर्ने जस्ता समस्याहरु भोग्नुपर्ने भएकाले राज्यले अब खेल पर्यटनलाई बढावा दिई यस्ता सम्भावना युक्त क्षेत्रहरुमा लगानी बढाउन आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो। 'आवश्यक पूर्वाधारहरुको विकास गर्दै खेलकुद मार्फत पर्यटक आकर्षित गरेर राष्ट्रिय आम्दानी बढाउन सकिनेछ ।' उहाँले भन्नुभयो-'यसै आवश्यकतालाई मध्यनजर गर्दै गण्डकी खेलकुद परिषद्को स्वीकृतिमा अल्पाइन स्पोर्टस् फेडेरेशन, गण्डकी प्रदेश स्थापना भएकोमा खुशी लागेको छ। साहसिक, पर्वतीय, हिमाली, उच्च हिमाली, अल्पाइन तथा हिउँजन्य खेलमार्फत् पर्यटन प्रवर्द्धन, आर्थिक उन्नति तथा खेल क्षेत्रको विकासमा योगदान पुऱ्याउन विशेष खेलसंघको रुपमा अल्पाइन स्पोर्टस् फेडेरेशन, गण्डकी प्रदेश स्थापना गरिएकोमा उहाँले प्रगतिको कामना पनि गर्नुभयो। फेडेरेशनले अल्पाइन तथा पर्वतीय, साहसिक खेलहरु आयोजना, यससँग सम्बन्धित सीपमुलक तालिम सञ्चालन, ट्रेकिङ गाइड, वाल क्लाइम्बिङ साथै हिउँसँग सम्बन्धित सीपमूलक र प्रवर्द्धनात्मक कार्यहरु, उद्धार सेन्टर, अल्टिच्युड सम्बन्धी तालिम तथा भौतिक पूर्वाधार निर्माण एवं समन्वय लगायतका योजनाहरु राखेकोमा उद्देश्यप्राप्तिको लागि शुभकामना पनि व्यक्त गर्नुभयो।

## जीप दुर्घटना हुँदा दुईको मृत्यु, सात जना घाइते

**पोखरापत्र संवाददाता**
पर्वत, २१ फागुन

जिल्लाको बिहादी गाउँपालिकामा बुधबार बिहान भएको बोलेरो जीप दुर्घटना हुँदा दुईको मृत्यु भएको छ भने सात जना घाइते भएका छन्।

गुल्मीको कालीगण्डकी गाउँपालिकास्थित पूर्तिघाटबाट स्याङ्जाको वालिङतर्फ जाँदै गरेको लु१ज ४४६० नम्बरको जीप बिहादी-६ लिदीमा दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बिहादी-३ रानीपानीका ६१ वर्षीय मीनप्रसाद उपाध्याय र गुल्मीको कालीगण्डकी गाउँपालिका-४ पूर्तिघाटकी ६४ वर्षीया डिलकुमारी भट्टचनको घटनास्थलमा मृत्यु भएको घटनास्थलमा रहनुभएका जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक रवीन विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्घटनामा परी घाइते भएका छ जनालाई उपचारका लागि पाल्पा लगिएको छभने एक बालक सामान्य घाइते भएकाले स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको छ । उकालो सडकमा ब्रेक फेल भएर गाडी दुर्घटना भएको प्रहरीले जनाएको छ । घाइतेको पहिचान खुलिनसकेको बताउँदै घटनाको थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक विष्टले जानकारी दिनुभयो।

## कुमारी सहकारी हिनामिनामा जिसस प्रमुखसहित पाँच जना पुर्पक्षका लागि थुनामा

**रासस**
म्याग्दी, २१ फागुन

बेनीको कुमारी बहुउद्देश्यीय सहकारी संस्थाको रू एक अर्बभन्दा बढी हिनामिना र अपचलनसम्बन्धी मुद्दामा जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापासहित पाँच जना पुर्पक्षका लागि कारागार चलान भएका छन्।

जिल्ला अदालतका न्यायाधीश प्रकाशप्रसाद पण्डितको इजलासमा बुधबार भएको थुनछेक बहसपछि जिसस प्रमुखसमेत रहेका कुमारी सहकारीका पूर्वसञ्चालक थापा, पूर्वअध्यक्ष मनप्रसाद थजाली, पूर्वप्रबन्धक रूद्र गुरूङ, सञ्चालक समितिका सचिव देवी थापा र लेखा समितिका पूर्वसदस्य लोकबहादुर पुन (लोकेश)लाई पुर्पपक्षका लागि थुनामा पठाउने आदेश भएको हो।

यसैगरी प्रहरी हिरासतमा रहेर बिरामी अस्पतालमा अपचाररत उक्त सहकारीका पूर्वअध्यक्ष थमबहादुर गर्बुजालाई निको भएपछि अदालतमा हाजिर गराउन आदेश भएको जिल्ला अदालत म्याग्दीका स्रेस्तेदार भोलाराज रेग्मीले जानकारी दिनुभयो। फरार १९ जना जनालाई पक्राउ पुर्जी जारी गर्ने आदेश भएको छ । मुद्दाका वादी जिल्ला सरकारी वकिल कार्यालयको मागदाबीबमोजिम सहकारी रजिष्ट्रारको कार्यालयसँग समन्वय गरेर सहकारीलाई १५ दिनभित्र सञ्चालन गरी अदालतमा जानकारी गराउन पनि आदेश भएको अदालतका सूचना अधिकारी डिल्लीराज पौडेलले जानकारी दिनुभयो।

सरकारी वकिल कार्यालय म्याग्दीले यही फागुन १५ गते रू एक अर्ब १३ करोड बिगो दाबी गर्दै २५ जनालाई विपक्षी बनाएर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम अभियोगपत्र दर्ता गरेको थियो । सहकारी रजिष्ट्रारको कार्यालय पोखराको सिफारिसमा जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धान प्रतिवेदनका आधारमा उनीहरूविरूद्ध सङ्गठित रूपमा सहकारीमा निक्षेप रहेको शेयर तथा बचत रकम, संस्थाको सम्पत्ति र बाह्य ऋणबापतको रकम, नेपाल सरकारको राजस्वसमेत हानिनोक्सानी पुऱ्याई सहकारी ऐन, २०७४ को नियमावली २०७५ र संस्थाको विनियमविपरीत कार्य गरेको अभियोगमा मुद्दा चलाइएको हो।

सहकारीका वर्तमान र पूर्वसञ्चालक समितिका पदाधीकारी, सदस्य, लेखा र ऋण समितिका संयोजक तथा सदस्यलाई विपक्षी बनाइएको छ। विसं २०८१ माघ २० गते पक्राउ परेका पाँच र फागुन ७ गते पक्राउ परेका एक जना प्रहरीको हिरासतमा थिए भने र १९ जना फरार छन्।

छ हजार बचतकर्ता रहेको विसं २०६५ मा खुलेको कुमारी सहकारीको सहकारीको पैसाबाट सञ्चालकहरूले ढुकुटी खेलाउने, बोर्डिङ स्कुल, घरजग्गामा लगाउनेजस्ता व्यक्तिगत स्वार्थमा प्रयोग गरेको सहकारी रजिष्ट्रारको कार्यालय पोखराले गरेको छानविन र जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका ब्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गतामैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहिद सप्ताहको अवसरमा जनयुद्धका सहिद तथा वेपत्ता परिवारलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



पोखरामा जनयुद्धका सहिद तथा बेपत्ता परिवारलाई सम्मान गरिएको छ । सहिद सप्ताहको अवसर पारेर नेकपा ९माओवादी केन्द्र० पोखरा महानगर कमिटिले सहिद तथा बेपत्ताका परिवार सम्मान गरेको हो ।

कार्यक्रममा पोखरा महानगरबाट सहिद भएका परिवार तथा बेपत्ताका परिवारहरूलाई सम्मान स्वरुप मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेकपा (माओवादी केन्द्र) कास्कीका इन्चार्ज नेत्रनाथ अधिकारी, विषेश अथिति लेखा समिती सदस्य झलकपाणी तिवारी, केन्द्रीय सदस्य राजकाजि गुरुङ लगायतले परिवारजनलाई सम्मान गरेका थिए ।

कार्यक्रमका बत्ताले सहिदहरूको योगदानले आजको लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको चर्चा गरे । सहिदको सपना पूरा गर्न समाजवादको आधार निर्माण गर्ने योजनाका साथ अघि बढ्नुपर्नेमा नेताहरुको जोड थियो । प्रमुख अतिथि अधिकारीले सहिदहरूको योगदानले आजको लोकतान्त्रिक गणतन्त्र सम्भव भएको उल्लेख गरे । 'सहिदको सपना पूरा गर्न समाजवादको आधार निर्माण गर्ने योजनाका साथ अघि बढ्नुपर्छ । यो सम्मान कार्यक्रम केवल औपचारिकता होइन, यो बलिदानप्रति हाम्रो नमन र संकल्पको प्रतिक हो ।'

सहिद परिवारको तर्फबाट बोल्दै अनिता भुर्तेलले सहिद परीवारलाई बर्षमा एक चोटी मात्रै हैन पार्टी नै परिवार बन्नुपर्ने भनाई राखेकी थिइन् । सहिदका सपना साकार पार्न सरकार र पार्टी नेतृत्वले अझ जिम्मेवार बन्नुपर्ने उनले बताइन् । महानगर कमिटी अध्यक्ष विज्ञान गिरीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन महानगर कमिटीका सचिव जनक पराजुलीले गरेका थिए । पोखरा महानगर पालिका लगाएत विभिन्न ठाउ बाट पोखरा आएर बसोबास गरीरहेका ४२ सहिद तथा बेपत्ता परिवारलाई सम्मान गरीएको हो ।

# पोखरा महानगरपालिका टि-२० क्रिकेट प्रतियोगिता: लेखनाथले लेकसाईडलाई हरायो

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



पोखरा महानगरपालिका दोश्रो अन्तर क्लव पुरुष टि-२० क्रिकेट प्रतियोगिता २०८१ अन्तर्गत बुधबार भएको खेलमा लेखनाथ क्रिकेट क्लव बिजयी भएको छ ।

लेखनाथले लेकसाईड क्रिकेट क्लवलाई २८ रनले पराजित गर्दै प्रतियोगितामा बिजयी शुरुवात गरेको हो । लेकसाईड क्रिकेट क्लवले टस जितेर पहिले फिल्डिङ रोजेपछि ब्याटिङमा उत्रिएको लेखनाथ क्रिकेट क्लवले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १६४ रन बनाएको थियो । लेखनाथका लागि सचिन पौडेलले २३ बलमा सर्वाधिक ३४ रन र साहिल पौडेलले १६ बलमा २६ रनको योगदान दिए । लेकसाईडका रबि गुरुङ र केशव सुनारले समान २/२ विकेट लिएपनि लेखनाथलाई दवाबमा राख्न असफल भए । १६५ रनको लक्ष्य लिएर जवाफी ब्याटिङमा उत्रिएको लेकसाईड निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १३६ रनमा सिमित भएपछि पराजय बेहोर्‍यो ।

लेकसाइडका लागि निजामुद्दिन शेखले ४० बलमा ३२ रन र चन्दन पेलाले २४ बलमा २३ रनको योगदान दिएपनि हार टार्न सकेनन् । लेकसाईडलाई सस्तैमा समेट्न लेखनाथका दीपक बराल र विशाल पौडेलले समान २/२ विकेट लिए । बुधबारको खेलमा बिजयी टिम लेखनाथका दीपक बराल म्यान अफ दी म्याच घोषित भए । प्रतियोगिता अन्तर्गत विहीबारको पहिलो खेल गण्डकी क्रिकेट क्लव र कास्की क्रिकेट क्लव तथा दोश्रो खेल राईजिङ क्रिकेट क्लव र सांग्रीला क्रिकेट क्लवबीच हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए ।

# वडा १३ को मेलामा भद्रकाली मावि प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



पोखरा १३ वडा कार्यालयको आयोजनामा मंगलबार शैक्षिक सामग्री प्रदर्शनी तथा रोजगार मेला मंगलवार सम्पन्न भयो ।

वडा कार्यालय परिसरमा भएको कार्यक्रममा शिक्षाविद् जर्ज जोनले मेलाको उद्घाटन गर्दै मेलाले बढ्दो विदेश पलायनलाई रोक्न ठूलो सहयोग पुग्ने वताए ।

मेलाले पठन संस्कृतिको विकासमा पनि ठूलो टेवा पुऱ्याउने जोनले भने । मेलामा विद्यार्थी, अभिभावक र रोजगार खोज्ने युवासँगै अन्य स्थानीयको उल्लेखनीय सहभागिता रहेको थियो । मेलवाट शिक्षा, सीप र रोजगारीका अवसरबारे महत्वपूर्ण ज्ञान लिन ठूलो सहयोग मिल्ने वडा नं १३ का वडा सदस्य सुचित तामाङले पोखरापत्रलाई वताइन । पोखरा १३ का वडा अध्यक्ष किरण बरालले युवालाई नेपालमै अवसर खोजी गर्ने वातवरण मेलामा देखीएको भने । स्थानीय तहबाटै रोजगारीका अवसरको खोजी गर्न आवश्यक रहेको वडा अध्यक्ष वरालको जोड थियो ।

वडाध्यक्ष बराल नेतृत्वको टिमले पोखरा १३ लाई शिक्षित, सीपयुक्त र रोजगारमुखी बनाउन महत्वपूर्ण योगदान दिएको स्थानीयले बताए । मेलामा भद्रकाली माध्यमिक विद्यालय, आर्वा विजया मावि, रतनपाण्डे माध्यमिक विद्यालय, विजया आधारभूत विद्यालय, अमरज्योति आधारभूत विद्यालय, सिमला आधारभूत विद्यालय र सिद्धार्थ आधारभूत विद्यालय सहभागी भएका थिए । त्यसैगरी निजितर्फ बेसलाइन एकेडेमी, चिल्ड्रेन्स एकेडेमी, बालकल्याण सेकेण्डरी स्कूल, अक्सफोर्ड इङ्लीस वोर्डिङ स्कुल, ताराकुञ्ज बोर्डिङ स्कुल, गण्डकी आदर्श बोर्डिङ स्कुल र इडेन्स एकेडेमी सहभागी भएका थिए । शैक्षिक प्रदर्शनीमा भद्रकाली मावि प्रथम, ताराकुञ्ज मावि द्वितीय र इडेन्स एकेडेमी तृतीय भए । उनीहरुले क्रमशः ८ हजार, ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको कार्यक्रम संयोजक सञ्चालक राजेन्द्र भण्डारीले जानकारी दिए । सोही दिन सिमला आधारभूत विद्यालय, विजया आधारभूत विद्यालय र सिद्धार्थ आधारभूत विद्यालयलाई वडाको तर्फबाट रु. ३००० हजारको दर सम्मान सहयोग गरिएको थियो । ।कार्यक्रममा स्वागत वडा १३ का वडा सदस्य रजनी परियारले गरेकी मेला कार्यक्रमको संयोजक राजेन्द्र भण्डारीले वताए । कार्यक्रममा निर्णायक मण्डलमा पुष्प पौडले, युवराज त्रिपाठी र दिपेन्द्र बस्ताकोटी रहेका थिए ।

# चिकित्सक संघ गण्डकीको रक्तदानमा ४४ युनिट

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



७५ औं राष्ट्रिय चिकित्सक दिवसको अवसरमा नेपाल चिकित्सक संघ गण्डकी शाखाले मंगलवार खुल्ला रक्तदान कार्यक्रम गरेको छ ।

नेपालको लागि नेपाली चिकित्सक भन्ने मुल नाराको साथ गण्डकी मेडिकल कलेजको परिसरमा भएको कार्यक्रम ४४ जनाले रक्तदान गरेका थिए । नेपाल चिकित्सक संघका केन्द्रिय उपाध्यक्ष तथा गण्डकी प्रदेश संयोजक डा. राजन शर्मा र गण्डकी मेडिकल कलेजका मेसु डा. टुमाया घलेले संयुक्त रुपमा ब्लड ब्याग दिएर कार्यक्रम सुरु गरिएको थियो । नेपाल चिकित्सक संघ गण्डकीका अध्यक्ष डा सुनिल पनेरुको अध्यक्षतामा भएको कार्यक्रममा सचिव डा. नवराज लम्डारीले साहित्यमय लयमा कार्यक्रममा संचालन गरेका थिए । नेपाल चिकित्सक संघ गण्डकी शाखाले रातोपहिरो स्थित सेरेब्रल पाल्सी हेरचाह समूहमा रहेका विद्यार्थीहरुलाइ केही थान झोला वितरण गरीएको छि ।

# अपाङ्गता भएका महिलाका सवाल र मिडियाको भूमिका विषयक अभिमुखिकरण

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



अपाङ्गता भएका महिलाहरुको समावेशी र पहुँच युक्त वातावरण सृजना गर्न सञ्चारमाध्यमको अत्यन्त महत्वपूर्ण भूमिका हुने एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

सञ्चारिका समुह गण्डकी प्रदेश र अपाङ्ग महिला सशक्तिकरण केन्द्र कास्कीको संयुक्त आयोजनामा अन्तराष्ट्रिय महिला दिवसको सन्दर्भमा आयोजित अपाङ्गता भएका महिलाका सवाल र मिडियाको भूमिका विषयक अभिमुखीकरण कार्यक्रममा बोल्ने वक्ताहरुले सञ्चारमाध्यमले अपाङ्गता सम्बन्धि कुनै पनि समाग्री प्रशारण गर्ने क्रममा संवेदनशिल हुनुपर्ने बताएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश पोखरा कार्यालयका कार्यालय प्रमुख नितु गर्तौलाले अपाङ्गता भएका महिलाका सवाल निति निर्माण देखि लिएर समाजका हरेक व्यक्तसँग जोडिएको विषय भएकोले यसलाई अभियानको रुपमा लैजानुपर्न बताउनुभयो ।

नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष पुण्य पौडेलले अपाङ्गता जसलाई पनि हुनसक्ने भएकोले अपाङ्गता भएका सबैलाई सकारात्मक व्यवहार गर्नुपर्ने बताउदै त्यसको लागि सबैले आफ्नो सोचमा परिवर्तन गर्न आवश्यक रहेकोमा जोड दिनुभयो । समाजशास्त्री शान्ति भुषालले अन्तराष्ट्रिय महिला दिवसको महत्व, पृष्ठभूमि र इतिहासको बारेमा सहजीकरण गर्दै महिलाहरुको अथक प्रयास र योगदानले आज यो दिवस मनाउने वातावरण सृजना भएको बताउनुभयो । उहाँले श्रमिक महिलाको आन्दोलनका कारण आज ८ मार्चको महत्व बढेर गएको बताउनुभयो । कार्यक्रममा सञ्चारिका समुह गण्डकी प्रदेशका कविता श्रेष्ठले अपाङ्गता भएका महिला र मिडियाको भूमिका विषयमा सहजीकरण गर्दै अपाङ्गताका सवालमा समाचार संप्रेषण गर्दा सञ्चारमाध्यमलाई संवेदनशिल हुन आग्रह गर्नुभयो । अपाङ्ग महिला सशक्तिकरण केन्द्र कास्कीका अध्यक्ष अञ्जना केसीले अपाङ्गताका अधिकार सुनिश्चितताका लागि विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी प्रावधानको बारेमा जानकारी गराउँदै आफ्नो हकको लागि आफै अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव जमुना वर्षा शर्मा, कास्कीका उपाध्यक्ष कञ्चन थापा कोइराला र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका उपाध्यक्ष उमा आलेमगरको सहभागीता रहेको थियो । अपाङ्ग महिला सशक्तिकरण केन्द्र कास्कीका अध्यक्ष अञ्जना केसीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सञ्चारिका समुह गण्डकी प्रदेशका अध्यक्ष कविता श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न सञ्चारमाध्यममा आवद्ध सञ्चारकर्मी र अपाङ्गता भएका महिला गरि करिब ५० जनाको सहभागीता रहेको थियो ।

# फेवाताल किनारका फोटोग्राफरसँग अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



सामुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत बुधबार सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामको आयोजनामा वडा प्रहरी कार्यालय बैदामको सहकार्यमा फेवाताल किनार फोटोग्राफी व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि वडा प्रहरी कार्यालय बैदामका कार्यलय प्रमुख प्रहरी नायव उपरीक्षक सन्तोष निरौलाले फेवा ताल किनारमा रहेको फुटट्र्याक क्षेत्रमा केही व्यक्तिहरुले वडाको स्वीकृत बिना फोटो खिच्ने व्याबसाय गर्दै आईरहेको हुँदा त्यस कार्यलाई ब्यवस्थित बनाउँनको लागि वडा कार्यालयमा अनिबार्य दर्ता गराउने, आईडी कार्डको ब्यवस्था गर्ने र सेवाग्राहीले भने भन्दा धेरै फोटो खिचेर पैसा माग्ने, दुर्व्यवहार गर्ने व्यबसायीहरुलाई फोटोको दुरुपयोग तथा सामाजिक सञ्जालमा पठाउँदा ध्यान दिनु पर्ने कुरा र फोटो खिच्दा अनुमति लिएर मात्रै खिच्न अनुरोध गर्नुभयो ।

उहाँले फोटोको मुल्यभन्दा बढि पैसा नलिने, आ-आफ्नो कार्यप्रति अनुशासित वन्न सजग गराउनु गराउँदै यदि कानुन विपरीत कार्य गरेमा कानुनी कार्वाहिको दायरामा ल्याउने बताउनु भयो । कार्यक्रमको बिषयबस्तुमा सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष ठाकुर प्रसाद बरालले निर्देशन दिनुभएको थियो भने उक्त कार्यक्रममा युवा परिषद पोखरा ६ का अध्यक्ष डिफन भुजेल, फोटोग्राफर डोल प्रसाद परियार, सामुदायिक सेवा केन्द्र बैदामका सदस्य रविन अधिकारी लगायतले आ-आफ्नो भनाई राख्नुभएको थियो । उक्त कार्यक्रममा सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरु प्रहरी लगायत सामुदायिक प्रहरी सहितको उपस्थितिमा कार्यक्रम सम्पन्न गरियो ।

संस्थाका अध्यक्षम अध्यक्ष ठाकुर प्रसाद बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव शान्ता सुवेदी तिमिल्सिनाले गर्नुभएको थियो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# भूमि होल्डमा राखेर पाँच अध्यादेश स्वीकृत

सरकारले गत पुस १४ र २९ गते ल्याएका ल्याएका पाँचवटा अध्यादेश प्रतिनिधिसभाबाट स्वीकृत भएका छन् । प्रतिपक्षी दलहरुको सामुहिक विरोध र असहमतिका बाबजुत बुधबार सरकारले पेश गरेका पाँचवटै अध्यादेश प्रतिनिधिसभाको बहुमतबाट स्वीकृत भएका छन । संसद बैठक नबसेको बेला सरकारले अत्यावश्यक ठानेर अध्यादेश ल्याएको थियो । सहकारी पीडितको समस्या र सहकारीलाई नियमन गर्नुपर्ने खाँचो महसुस गरेर संसदीय छानबिन समितिको सिफारिसका आधारमा सरकारले अध्यादेश ल्याएको थियो ।

प्रतिनिधिसभामा स्वीकृत भएका अध्यादेशमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ छ। जुन अध्यादेशलाई राष्ट्रपति रामचन्द्र पौडेलले गत पुस १४ गते जारी गरेका थिए । त्यसपछि गत पुस २६ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार राष्ट्रपति पौडेलले पुस २९ गते जारी गरेका अन्य चारवटा अध्यादेश पनि तल्लो सदनबाट स्वीकृत भएका छन् । बुधबारको प्रतिनिधि सभा बैठकले आर्थिक तथा व्यावसायिक सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश-२०८१, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश-२०८१ पनि बहुमतले स्वीकृत गरेको थियो ।

यससँगै सरकारले ल्याएका ६ मध्ये ५ अध्यादेश प्रतिनिधिसभाबाट स्वीकृत भएका छन् । पुस २६ को मन्त्रिपरिषद् बैठकअनुसार माघ २ गते राष्ट्रपति पौडेलले जारी गरेको भूमिसम्बन्धी अध्यादेशलाई भने सरकारले छलफलकै चरणमा रहेको भन्दै संसद्मा लगेन । मधेस केन्द्रीत दल जसपा नेपाल र लोसपाको विरोधका कारण सरकारले होल्डमा राखेको छ । राष्ट्रिय सभामा काङ्ग्रेस एमालेको बहुमत नभएको हुँदा जसपा र लोसपाको समर्थनमा राष्ट्रिय सभाबाट स्वीकृत गर्न भूमि सम्बन्धी अध्यादेश होल्ड गरिएको छाराष्ट्रिय सभामा बहुमत पुग्ने संभावना रहे पेस हुन सक्छासरकारले सरकारलाई समर्थन गर्ने दलहरुलाई चिढ्याउने पक्षमा जाने संभावना छैन ।

अब प्रतिनिधिसभामा स्वीकृत भएका यी पाँच अध्यादेशहरू बिहीबार राष्ट्रियसभामा पेश गर्ने तयारी छ। भूमि रोकिएकाले यी सबै पाँच अध्यादेश राष्ट्रिय सभाबाट पनि पारित हुने सम्भावना छ। भूमिसम्बन्धी अध्यादेशमा भने उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल विपक्षमा उभिएपछि रोकिएको छ। उक्त अध्यादेश विवादित रहेको भन्दै कम्तीमा ५८ बुँदा संशोधन आवश्यक रहेको कुरा उठेको छ। तर नेपाली कांग्रेस र नेकपा एमालेले भने अन्य विकल्प खोजेर भए पनि भूमिसम्बन्धी अध्यादेश पनि पास गर्ने बताइरहेका छन् । बाहिर प्रचार गरेजस्तो नदेखेपछि भित्र बाटै किनबेचको हल्ला चलाएर कार्यक्रम चलाउने उक्ति खोलेको छात्यसमा तत्कालको लागि समस्या देखिदैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# ढोरपाटनका किसानलाई अनुदानमा हाते ट्याक्टर

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ फागुन

बागलुङको ढोरपाटन नगरपालिकाले किसानलाई आधुनिक प्रविधिसँग जोड्न हाते ट्याक्टर वितरण गरेको छ।

नगरपालिकाका नौ वटै वडाबाट सिफारिस भएर आएका किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गरेको हो । किसानको माग र आवश्यकलाई मध्यनजर गरी नगरपालिकाले हाते ट्याक्टर उपलब्ध गराएको प्रमुख प्रशासकीय अधिकृत चीरञ्जीवी घिमिरेले बताउनुभयो । विभिन्न वडाका १९ जना किसानलाई हाते ट्याक्टर वितरण गरेको उहाँको भनाइ छ। किसान र नगरपालिकाको गरी कूल रु नौ लाख ९२ हजार बजेटमा हाते ट्याक्टर उपलब्ध गराएको घिमिरेले बताउनुभयो । प्रतिहाते ट्याक्टरको मूल्य रु ५२ हजार परेकोमा किसानले रु २६ हजार तिरेका थिए । ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले ग्रामीण क्षेत्रका अधिकांश नागरिक कृषि र पशुपालन पेसामा आबद्ध रहेको हुँदा उनीहरुलाई व्यावसायिक बनाउन आधुनिक सामग्री प्रदान गरिएको बताउनुभयो । पछिल्लो समय कृषिमा हाते ट्याक्टरको प्रयोग बढ्दो छ।

# श्रमदानबाटै सिँचाइ योजना मर्मत

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ फागुन

म्याग्दीको बेनी नगरपालिका-४ थामडाँडाका स्थानीयले श्रमदानबाटै सिँचाइ योजना मर्मत गरेका छन् । चार वर्षअघि निर्माण भएको बालमखोला सिँचाइ आयोजनाअन्तर्गत थामडाँडा र बदमखोरीया क्षेत्रको सिँचाइ पाइपलाइनमा समस्या देखिएपछि उपभोक्ताहरुले आठ दिनसम्म श्रमदान गरी मर्मत गरेका हुन् ।

गाउँनजिक रहेको, रिजर्भ ट्याङ्कीदेखि करिब पाँच सय मिटर दुरीको पाइपलाइनलाई परिवर्तन गरेर नयाँ पाइपलाइन विस्तार गरिएको बालमखोला सिँचाइ आयोजना उपभोक्ता मूल समितिका सचिव धनकाजी सुनारले जानकारी दिनुभयो । उहाँका अनुसार, ३५ घरधुरीबाट एक/एक जनाले श्रमदान गरेका थिए ।

यसअघि दुई इञ्चको पाइप राखिएकोमा समस्या भएपछि पाइपलाइनको नयाँ मार्ग बनाएर रिजर्भ ट्याङ्कीको आउटलेटबाट डेढ इञ्चको पाइप थपगरिएको समितिले जनाएको छ।

श्रमदानबाट पाइपलाइन मर्मत गरेपछि ३५ घरधुरीको १९० रोपनी खेतीयोग्य जमिनमा सिँचाइको सुविधा पुगेको समितिका सचिब सुनारले जानकारी दिनुभयो।

# नेपाली महिला क्रिकेट टोलीको बिदाइ

**रासस**
काठमाडौं, २१ फागुन

नेपाल क्रिकेट सङ्घ (क्यान)ले युगाण्डामा हुने चारदेशीय महिला टी-२० शृङ्खला खेल्न जाने नेपाली क्रिकेट टोलीलाई बिदाइ गरेको छ।

क्यानद्वारा बिहीबार यहाँ आयोजित एक कार्यक्रममा नेपाली महिला टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेको हो। यही फागुन २४ गतेदेखि हुने उक्त शृङ्खलामा नेपालसहित युगाण्डा, हङ्कङ र नामिबिया सहभागी छन् । क्यानका सचिव पारस खड्काले नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै नयाँ ठाउँमा गएर खेलेर नयाँ अनुभव बटुल्न मद्दत पुग्ने बताउनुभयो । नेपाली टिमकी कप्तान इन्दु वर्माले आफ्नो टोलीको तयारी राम्रो भएकाले युगाण्डामा गएर राम्रो क्रिकेट खेलेर फर्कने बताउनुभयो । त्यसैगरी नेपाली टोलीका प्रशिक्षक मनोज कटुवालले कमजोरीहरू सुधार गरी सिरिज जितेर फर्कने बताउनुभयो । नेपालले आफ्नो पहिलो खेल यही फागुन २४ गते नामिबियासँग खेल्नेछ। त्यसैगरी फागुन २५ गते युगाण्डासँग र फागुन २६ गते हङ्कङसँग खेल्नेछ । त्यस्तै फागुन २८ गते नामिबियासँग, २९ गते युगाण्डासँग र ३० गते हङ्कङसँग खेल्नेछ।

यी सबै खेलहरू सकिएपछि शीर्ष दुईमा रहने टोलीले फाइनल खेल्नेछन् । नेपाली टोलीमा कप्तान इन्दु वर्मासहित रुविना क्षेत्री, पुजा महतो, अलिशाकुमारी यादव, सना प्रवीन, रोमा थापा, विन्दु रावल, सम्झना खड्का, ममता चौधरी, कविता जोशी, रिया शर्मा, राजमती ऐरी, रचना चौधरी र ईश्वरी विष्ट छन्।

# गोरखामा निःशुल्क स्वास्थ्य शिविरः सात सय ७४ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
गोरखा, २१ फागुन

धार्चे गाउँपालिका-२केरौजामा मङ्गलबार सञ्चालित निःशुल्क स्वास्थ्य शिविरमा सात सय ७४ जनाले उपचार सेवा लिएका छन् ।

शिविरमा एक सय ७७ जनाले स्त्री तथा प्रसूति र तीन सय ३४ जनाले नाक, कान र घाँटी, एक सय ५६ जनाले युएसजी र ७२ जनाले इसिजी सेवा लिएका थिए । काठमाडौँस्थित ग्रीन सिटी हस्पिटलको प्राविधिक सहयोगमा मुटु फाउन्डेसनले आयोजना गरेको शिविरमा एक सय १७ जनाको पाठेघरको मुखको क्यान्सरको 'भिआइए' जाँच गरिएको फाउन्डेसनका अध्यक्ष धनबहादुर गुरुङले बताउनुभयो । शिविरमा पाठेघर खस्ने समस्या भएका १० जनामा 'रिङ प्रेसरी' राखेर उपचार गरिएको थियो।

# देशलाई समृद्ध बनाउने मुख्य क्षेत्र ऊर्जा र जलस्रोत

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले देशलाई समृद्ध बनाउने बाटोमा सरकार लागिपरेको बताउनुभएको छ।

तनहुँको भानु नगरपालिका-१ डुम्रे भन्सार बजारमा बुधबारदेखि सञ्चालित चौथो डुम्रे सांस्कृतिक तथा व्यापारिक महोत्सव २०८१ शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले देशलाई समृद्ध बनाउने मुख्य बाटो नै ऊर्जा र जलस्रोत रहेको बताउनुभएको हो। उहाँले भन्नुभयो, "वर्तमान सरकार समृद्धिको बाटोमा लागिसकेको छ, ऊर्जा र जलस्रोतको उपयोग गर्दै देशलाई दीर्घकालीन समृद्ध बनाउने लक्ष्यमा छौँ ।" उहाँले दुई ठूला राजनीतिक दल मिलेर सरकार दीर्घकालीन समृद्धितर्फ लागिसकेको बताउनुभयो।

मन्त्री खड्काले सुस्ताएको व्यापारलाई चलायमान बनाउन व्यापारिक मेला, महोत्सवले मुलुकलाई समृद्ध बनाउन टेवा पुग्ने बताउनुभयो । "ऊर्जा र जलस्रोतको माध्यमबाट मात्रै देशलाई दीर्घकालीन समृद्ध बनाउन सम्भव छ", उहाँले भन्नुभयो, "समृद्धिको यात्राका लागि भरपर्दो र विश्वासिलो सरकार आवश्यकता थियो, अस्थिर सरकारका कारण व्यापारिक गतिविधि नै अलमलमा थियो, दुई ठूला राजनीतिक दलको समन्वयले देशलाई समृद्ध बनाउने छौँ।"

स्थानीय पर्यटकीय तथा व्यापारिक क्षेत्रको प्रचारप्रचार र प्रवर्द्धनका लागि यस्ता मेला, महोत्सवले सहयोग पुग्ने उहाँको भनाइ छ। कार्यक्रममा राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीलगायतले सुस्ताएको व्यापारलाई चलायमान बनाउन यस्ता मेला, महोत्सवले सहयोग पुगेको बताउनुभएको छ।

# सरकारी स्वास्थ्य संस्था चार महिनादेखि औषधिविहीन

**पोखरापत्र संवाददाता**
पर्वत, २१ फागुन

जिल्लाको कुश्मा नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्था चार महिनादेखि औषधिविहीन बनेका छन् । नगरपालिकाभित्र रहेका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र तथा सहरी स्वास्थ्य केन्द्रमा औषधि अभाव भएपछि सेवाग्राही मर्कामा परेका हुन् ।

नगरपालिकाले समयमा औषधि खरिद गर्न नसक्दा सर्वसाधारण सरकारले वितरण गर्ने ९८ किसिमका औषधि पाउनबाट वञ्चित बनेका हुन् । चालु आर्थिक वर्षका लागि औषधि खरिद गर्न नगरसभाबाट बजेट पारित भए पनि जनप्रतिनिधि र स्वास्थ्य सेवाका कर्मचारीको लापरबाहीका कारण आठ महिनासम्म औषधि खरिद हुन सकेको छैन ।

सर्वसाधारणलाई निःशुल्क वितरण गर्नुपर्ने औषधिको अभाव भएको चार महिना बितिसक्दा पनि खरिद गर्ने तयारी गरिएको छैन । औषधि खरिदका लागि सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्राप्त सशर्त रकम रु १६ लाख र नगरपालिकाको निशर्त रु आठ लाख गरी रु २४ लाख बजेट छ।

बजेट अभावले नभई खरिद प्रक्रिया ढिलो भएकाले औषधि अभाव भएको नगरपालिकाको स्वास्थ्य शाखाकी सिनियर अनमी दुर्गा सापकोटाले बताउनुभयो । विगतका वर्षहरूमा पनि औषधि अभाव र म्याद नाघेका औषधि भेटिने गरेको थियो।

कुश्मा नगरपालिकाभित्रका १४ वडामा रहेका १७ वटा स्वास्थ्य संस्थामा उपचारका लागि आउने नागरिकले रित्तो हात फर्किनु परेको बताउँछन् । सामान्य रोगदेखि जटिल र दीर्घरोगी समेत निःशुल्क औषधि पाइने आशमा स्वास्थ्य संस्थामा आउने गरेकामा सेवाग्रही रित्तो हात फर्काउनुपरेको कुश्मा-१२ ठूलीपोखरीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख कृष्ण सुवेदीले जानकारी दिनुभयो।

वडा नं १४ मा रहेको आर्थर डाडाँखर्क स्वास्थ्यचौकीका प्रमुख चन्द्रकान्त गौतमले निःशुल्क उपलब्ध गराउनुपर्ने औषधि नहुँदा सर्वसाधारण बिरामीलाई रित्तो हात फर्काउनुपर्ने अवस्था आएको बताउनुभयो। निःशुल्क दिनुपर्ने औषधि नहुँदा समस्या भइरहेको गुनासो गर्दै उहाँले भन्नुभयो, "चार महिनासम्म पनि खरिद गरेर पठाउन नसक्नु नगरपालिकाको कमजोरी हो।"

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख यमप्रसाद शर्माले औषधि खरिदमा ढिलाइ भएकाले समयमा स्वास्थ्य संस्थामा पठाउन नसकिएको बताउनुभयो । उहाँले नगरसभा हुन ढिला भएकाले खरिद प्रक्रिया समेत लम्बिएको उल्लेख गर्नुभयो।

"गत असार १० गते सम्पन्न हुनुपर्ने नगरसभा असोजको १० गते भयो, नगरसभा तीन महिनाले ढिलाइ हुँदा औषधि खरिद गर्न पनि ढिलाइ भएको हो", शर्माले भन्नुभयो । अब एक महिनाभित्रमा सबै स्वास्थ्य संस्थामा औषधि पुऱ्याइने उहाँले जानकारी दिनुभयो।

कुश्मा नगरपालिकामा नौ स्वास्थ्यचौकी, एउटा प्राथमिक स्वास्थ्य केन्द्र, तीन आधारभूत स्वास्थ्य केन्द्र र चार सहरी स्वास्थ्य केन्द्र गरी १७ वटा स्वास्थ्य संस्था सञ्चालित छन् । यी स्वास्थ्य संस्थाबाट बर्सेनि खोप सेवा, गर्भवती परीक्षण, परिवार नियोजन, सुरक्षित गर्भपतनलगायत सेवा सञ्चालन हुँदै आएका छन्।

यतिबेला मौसमी रुघाखोकी भाइरल ज्वरोको सङ्क्रमणका कारण बजार तथा ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थामा बिरामीको घुइँचो बढे पनि औषधिको अभावले प्रभावकारी सेवा दिन नसकिएको स्वास्थ्यकर्मीले बताएका छन्। सामान्य औषधि खरिदका लागि सर्वसाधारणलाई सदरमुकामसम्म पुग्नुपर्ने बाध्यता छ।

# कालीगण्डकी कोरिडोर : कालीपुलमा सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ फागुन

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोरअन्तर्गत म्याग्दीको प्रवेशद्वारमा रहेको बेनी नगरपालिका-८ कालीपुल बसपार्क क्षेत्रको सडक कालोपत्र भएको छ।

बेनी-जोमसोम-कोरला सडक योजनाले पर्वत हुँदै म्याग्दी प्रवेश गर्ने मोटरेबल पुलदेखि बगरफाँट जोड्ने झोलुङ्गेसम्म पाँच सय मिटर दूरीमा अक्सफाल्ट प्रविधिको कालोपत्र गरेको बेनी नगरपालिका-८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले बताउनुभयो। सडक कालोपत्र गर्न २०८१ भदौ १४ गते बेनीको सक्षम ब्रर्दश प्रालिले रु ९२ लाख ४१ हजारमा ठेक्का सम्झौता गरेको थियो।

माघ मसान्तमा ठेक्का सम्झौताको अवधि सकिएपछि फागुन १ गतेदेखि लागू हुने गरी कूल रकमको दैनिक ०.०५ प्रतिशतका दरले निर्माण कम्पनीलाई हर्जना तिराइएको आयोजनाका सूचना अधिकारी विष्णु चापागाईले बताउनुभयो । जनप्रतिनिधि र स्थानीयवासीको दबाब, सम्बद्ध निकायले जरिवाना तिराउन थालेपछि निर्माण व्यवसायीले सम्झौता गरेको पाँच महिना १३ दिनपछि फागुन १३ गतेदेखि कालोपत्र गर्न सुरु गरेका थिए। यसअघि विसं २०७६ चैतमा गरिएको डिबिएसडी प्रविधिको कालोपत्र उप्किएर खाल्डाखुल्डी पर्ने, पानी जम्ने र धुलो भएको थियो। कालोपत्र भएपछि चिल्लो बनेको कालीपुलको सडक आकर्षक देखिएको, धुलो र हिलोको समस्या हटेर सरसफाइमा सहयोग पुगेको छ। कम्तीमा ११ मिटर चौडाइका दरले कालोपत्र गर्ने क्रममा छुटेको ठाउँमा पनि कालोपत्र गराउन पहल गरिएको वडाध्यक्ष कर्माचार्यले बताउनुभयो।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

म सोनिका पौडेलको भद्रकालीदेखि बगर जाने क्रममा माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजपत्रको झोला हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

Name: Sonika Paudel
Registration No: 804400380234
Symbol No : 24006321
सम्पर्क नं. : 9846958245

# मुस्ताङमा हिमपातहुँदा किसान खुसी

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २१ फागुन/रासस



हिमाली जिल्ला मुस्ताङमा स्याउलगायतका रैथाने बालीको उत्पादन वृद्धि हुने प्रक्षेपण गरिएको छ । स्याउलगायतका रैथाने बालीको समुचित बगैँचा व्यवस्थापनका साथै आंशिक वर्षा र हिमपात भएकाले स्याउ लगायतका रैथाने अन्नबालीको गुणस्तर तथा उत्पादन वृद्धि हुने कृषि ज्ञान केन्द्र मुस्ताङले प्रक्षेपण गरेको हो ।

लगातार जिल्लामा दुई वर्षसम्म अनुकूल मौसममा समेत हिउँ नपरेकाले चिन्तित रहेका कृषकहरू केही दिनअघिको वर्षा र हिमपातले खुसी भएका छन् । जलवायु परिवर्तनको परिरहेका जिल्लाका कृषक दुई दिनअघि परेको आंशिक वर्षासँगै हिउँ परेकाले स्याउलगायत यहाँको रैथाने बाली उवा, फापर, जौ र आलु बालीमा प्रसस्त चिस्यान पुगेकाले यहाँ कृषक हर्षित भएको कृषि ज्ञान केन्द्र कार्यालय मुस्ताङद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङका अनुसार मुस्ताङको स्याउलगायतका रैथाने अन्नबालीको बगैँचा व्यवस्थापन, रोगकीरा नियन्त्रण र अनुकूल समयमा वर्षासँगै हिमपात भएकाले गत वर्षजस्तै यस वर्ष पनि स्याउ तथा अन्य रैथाने बालीको गुणस्तर र उत्पादन राम्रो हुने अनुमान गरिएको छ । जिल्लामा दुइ दिनअघि परेको वर्षासँगैको हिउँले कृषकको खेतीयोग्य जमिनलाई चाहिने चिस्यान पूर्ती भएकाले यस वर्ष स्याउलगायतका अन्नबालीको उत्पादन वृद्धि हुने केन्द्र प्रमुख गुरुङले दाबी गर्नुभयो । कृषि ज्ञान केन्द्र मुस्ताङले जिल्लाको विभिन्न स्थानमा पुगेर गरेको स्याउलगायतका रैथाने बालीहरूको स्थलगत सर्वेक्षणमा कृषकहरूले स्याउलगायतका अन्नबालीको बगैँचा व्यवस्थापन राम्रो गरेको निष्कर्ष निकालेको छ । केन्द्रले जिल्लाका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, स्थानीय तह, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ, शीतोष्ण बागवानी विकास केन्द्र, कृषि ज्ञान केन्द्र एक्याप एवं सबै सरोकारवाला संस्थाको संयुक्त समन्वय र सहकार्यमा मुस्ताङका कृषकको बगैँचा व्यवस्थापन तथा रोगकीरा नियन्त्रण कार्यमा सबै बालीको अनुगमन गर्दा राम्रो पाइएकाले गुणस्तर र उत्पादनदर यस वर्ष साविकभन्दा वृद्धि हुने अनुमान गरिएको छ ।


जिल्लामा गत वर्ष स्याउको उत्पादन राम्रो भएको भए पनि जलवायु परिवर्तनका कारण स्याउको परागसेचन हुने बेलामा हुस्सु र वर्षाले गर्दा स्याउको फूल फुल्ने समयमा प्रतिकूल असर पुगेको थियो । यसका कारण त्यस वर्ष जिल्लामा स्याउको उत्पादन तथा गुणस्तरमा ह्रास आएको थियो । जिल्लाको आर्थिक समृद्धिको मेरुदण्ड स्याउखेती भएकाले यहाँका किसानले स्याउखेतीलाई मुख्य प्राथमिकतामा राखेका छन् । यसका साथै, रैथाने बाली उवा, फापर, जौ र लोकल आलु जिल्लाका कृषि उत्पादनमा पहिचान बनेको छ । जिल्लामा पुस र माघ, महिनामा स्याउको बगैँचा व्यवस्थापन गरिन्छ ।

स्याउखेतीका लागि अनाधिकृत हाँगाबिँगाको काँटछाँट, गोडमेल, मलजल, औषधिको प्रयोग र खेतीयोग्य जमिनका सिँचाइको व्यवस्था गर्ने गरिन्छ । स्याउका अलावा असोज र कात्तिक महिनामा उवा, फापर, जौ र आलुलगायतका बाली लगाएर त्यसको सम्पूर्ण खेती बगैँचाको व्यवस्थापन गर्ने गर्दछन् । उपल्लो मुस्ताङमा भने कृषकले फागुनदेखि उवा, जौ, गहुँ र फापरलगायतका अन्नबाली लगाउने गर्दछन् । पछिल्लो समय जिल्लाका कृषकलाई स्थानीय जातका स्याउखेतीसँगै नयाँ बगैँचामा उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेती गर्दैआइरहेका छन् । दोस्रो वर्षमै थोरै क्षेत्रफलमा धेरै उत्पादन दिन सक्ने भएकाले मुस्ताङका कृषक हाइब्रिड स्याउखेतीतर्फ आकर्षित हुन थालेका हुन् । मुस्ताङको पाँचवटै स्थानीय तहमा स्याउखेती गरिएको छ । राष्ट्रिय गौरवको सडक सञ्जालले यातायात सहज हुन थालेपछि जिल्लाका कृषकले उत्पादन गरेको स्याउलगायतका अन्नबालीको बजारीकरणमा निकै सहज भएको छ । जिल्लामा गग वर्ष सात हजार तीन सय ३० मेट्रिक टन स्याउ उत्पादन हुँदा रु ८३ करोडको स्याउ जिल्ला बाहिर निकासी भएको थियो ।

जिल्लाका पाँच स्थानीय तहमा गरी १४ सय हेक्टरमा स्याउखेती गरिएकोमा पाँच सय ८५ हेक्टरमा स्याउ उत्पादन हुने गरेको छ । जिल्लाको स्याउखेतीले कृषकहरूमा लाभान्वित भएका छैनन्, यहाँका पर्यटन व्यवसायमा समेत टेवा पुगेको छ । भदौदेखि असोज महिनामा यहाँका स्याउ बगैँचामा लटरम्म स्याउ फल्ने भएकाले मुस्ताङ भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटक समेत स्याउ बगैँचा चाहार्ने, फोटो खिच्ने र बगैँचामै यहाँको स्याउ चाख्ने गर्छन् ।

# सराङकोट महायज्ञ सकियो, करिव ३ करोड संकलन

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन



सराङकोटमा भएको श्रीमद् भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सव बुधबारदेखि सकिएको छ ।

महायज्ञमा कुल २ करोड ८८ लाख बढी दान संकलन भएको प्रचारप्रसार उपसमिति संयोजक कृष्ण थापाले जानकारी दिनुभयो। यसअघि मंगलबारसम्म २ करोड ८ लाख दान संकलन भएकोमा आज बुधबार मात्रै ८० लाख बढी दान थपिएको हो। योसँगै सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिले यज्ञ मार्फत संकलनको लक्ष्य राखेको ३ करोड करिव पुरा भएको छ । आज महायज्ञको नियमित कार्यक्रमका अतिरिक्त पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यबाट त्यहाँ निर्मित बुहुउद्देश्यीय सामुदायिक भवनको उद्घाटन गर्नुभएको छ । त्यस अवसरमा भनाई राख्नुहुँदै महानगर प्रमुख आचार्यले सराङकोट धामको रुपमा विकास भएकोमा खुशी व्यक्त गर्नुहुँदै पोखरा भ्रमण वर्ष सफल बनाउन सराङकोट धामले भूमिका खेल्ने विश्वास लिनुभयो । अव पर्यटक हिमाल हेर्न, सुर्योदय र सुर्यास्तको अवलोकन गर्न मात्रै सराङकोट आउने होइन, यो अव कोट मात्रै रहेन, सराङकोटमा अन्य धेरै आयाम थपिएका छन् प्रमुख आचार्यले भन्नुभयो । प्रमुख आचार्यले सराङकोटमा निर्माण गर्न बाँकी संरचना बनाउन महानगरले सहयोग गर्ने विश्वास दिलाउनु हुँदै सराङकोट धार्मिक पर्यटकीय स्थल भएको औँल्याउनुभयो । सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसीले सबैको साथ सहयोगबाट महायज्ञ सफल भएको जनाउनु हुँदै आगामि दिनमा पनि सहयोगको अपेक्षा सुनाउनुभयो ।वास्तवमै सराङकोट स्वर्गको टुक्रा हो, यसको हामी सबै मिली संरक्षण एवम् प्रवर्द्धन गर्नुपर्दछ, त्यसैमा आम पोखरेलीको कल्याण छ, उहाँले उल्लेख गर्नुभयो । यज्ञका सहअध्यक्ष समेत रहनुभएका वडाध्यक्ष शिवप्रसाद तिमिल्सीनाले धेरै दानदाताको सहयोगबाट सराङकोट धाम सिञ्चीत भएको स्पष्ट पार्नुहुँदै उत्साहजनक सहभागिताका बीच यज्ञ सफल भएको धारणा राख्नुभयो । कार्यक्रमका बीच प्रमुख वाचक भागवत् भाष्कर प.कमलनयन गौतम सहित सहयोगी विभिन्न संघसंस्था एवम् व्यक्तिलाई सम्मान गरियो ।

महायज्ञमा कास्की, तनहुँ, पर्वत, स्याङ्जा, बाग्लुङ, म्याग्दी, धादिङ समेतबाट गरी करिव १ लाख ६० हजार भक्तजनले सहभागि जनाएको महायज्ञका महासचिव शम्सेरबहादुर थापाले जानकारी दिनुभयो । यि मध्ये करिव ६० प्रतिशत अन्नपूर्ण केवलबार मार्फत तथा अन्य महायज्ञका निःशुल्क वस एवम् स्वस्र्फूत रुपमा सराङकोट धाम पुगेको आयोजकले जनाएको छ ।

सराङकोटमा वि.स २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ्ग, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका तथा भैरव मन्दिर, स्वागतद्वार निर्माण भइसकेका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ।त्यहाँ अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ। यहि फागुन १४ गते महाशिवरात्रीको दिनदेखि सुरु उक्त सराङकोट यज्ञको यसअघि १७ फागुनमा राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गर्नुभएको थियो । सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसीको अध्यक्षतामा भएको समापन समारोहमा वडाध्यक्ष तिमिल्सीनाले स्वागत तथा महायज्ञका सचिव डिलबहादुर जिसीले कार्यक्रम संचालन गर्नुभयो ।

# बेगनास कपको उपाधिका लागी विनोद मेमोरियल र मिक्कि एफ सि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन



विकास, अनुशासन र गतिशीलता भन्ने नाराका साथ बेगनास युवा क्लवद्धारा आयोजित तेश्रो बेगनास कपको उपाधिको लागि विनोद मेमोरियल र मिक्की एफ सी भिड्ने भएका छन ।

बुधबार सम्पन्न सेमिफाईनलको पहिलो खेलमा विनोद मेमोरियलले मत्स्य व्यवसायी समिति पिप्लेलाई १-० को अन्तरलाई पराजित गर्दै फाईनलको यात्रा तय गरेको हो । खेलको औं मिनेटमा विनोद मेमोरियलका रोशन छन्त्याललले डिबक्स भित्रबाट गरेको प्रहार नै गोलमा परिणत भएको थियो । यहि १ मात्र गोल नै मेमोरियललाई फाईनलमा पुग्न निर्णायक बनेको थियो । यस्तै बुधबार नै सम्पन्न दोश्रो सेमीफाईनलमा मिक्की एफ सीले एन के क्लवलाई २-० को अन्तरले पराजित गर्दै फाईनलमा विनोद मेमोरियलसँगको भेट पक्का गरेको छ । खेलको पहिलो हाफको ८औं मिनेटमा मिक्की एफ सि का विनम गुरुङले पहिलो गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । त्यसपछिको समयमा दुवै टिमले गोल गर्ने राम्रा अवसरहरुलाई सदुपयोग गर्न सकेका थिएनन । खेलको अन्तिम मिनेटमा मिक्की एप सी कै रोशन गुरुङले दोश्रो गोल थप्न सफल भएका थिए । एन के का गोलकिपर पोष्ट छाडेर मैदानको मध्य भागमा रहेको मौकाको राम्रो सदुपयोग गर्दै रोशनले दोश्रो गोल थपेका थिए । गोल हुनबाट जोगाउन एन के का नकुल तामाङले प्रयास गरेपनि उनी असफल भएका थिए ।

प्रतियोगिताको उपाधिका लागी फाईनल खेल बिहिबार दिउँसो १ बजे हुनेछ । समापन समारोहमा राष्ट्रि फुटवल टिमका कप्तान किरण चेमजोङ समेत सहभागी हुने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको विजेताले रु १ लाख २५ हजार ५ सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । त्यस्तै उपविजेताले रु ५५ हजार पाँच सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्नेछ। प्रतियोगितामा अनुशासित टिमले रु ८ हजार प्राप्त गर्नेछ भने उत्कृष्ट खेलाडी, उच्च गोलकर्ता र उत्कृष्ट गोल रक्षकले जनही रु ५/५ हजार प्राप्त गर्नेछन् ।

# आँबुखैरेनी अस्पतालमा 'मौसमी' बिरामी बढे

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन

जिल्लाको आँबुखैरेनी अस्पतालमा अहिले मौसमी बिरामी बढेका छन् । अस्पतालमा दैनिक एक सय ५० देखि दुई सयसम्म बिरामी उपचारका लागि आउने गरेका छन् ।

यसअघि अस्पतालमा दैनिक एक सय ५० जनासम्म बिरामी आउने गरेकामा पछिल्लो समय रुघाखोकी, दम, ज्वरो, श्वासप्रश्वास, सुगर, प्रेसरलगायत मौसमी बिरामीको सङ्ख्या बढेको अस्पतालका डा सुपरिटेन्डेन्ट डिबी क्षेत्रीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सङ्घीय सरकारले निर्धारण गरेका सबै प्रकारका खोप, जनरल ओपिडीदेखि गर्भवती जाँच, सुत्केरी तथा शल्यक्रिलयासम्मको सेवा प्रवाह भइरहेको छ ।" विपन्न नागरिकको उपचारमा आकर्षण बढ्न थालेको भन्दै डा क्षेत्रीले अस्पतालले विपन्न नागरिकका लागि निःशुल्क उपचार सुविधा प्रदान गरेपछि सेवा लिने आकर्षित हुन थालेका बताउनुभयो । अस्पतालका अनुसार गत साउन १ गतेदेखि हालसम्म विपन्न नागरिकको उपचारका लागि रु नौ लाख ११ हजार एक सय ११ खर्च भएको छ । आँबुखैरेनी अस्पतालको विसं २०८० मङ्सिर १ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा उद्घाटनपश्चात् अस्पताल सञ्चालनमा ल्याइएको थियो । अस्पतालको उद्घाटनपश्चात् एकपछि अर्को सेवा थप गर्दै नागरिकलाई सहज रूपमा उपचार दिँदै आएको छ । अस्पतालले छोटो अवधिमा आकस्मिक सेवा, आधार भूत प्रयोगशाला, एक्स-रे, भिडियो एक्स-रे, इसिजी र फार्मेसी सेवासँगै प्रसूति सेवा, आँखा उपचार र मुख तथा दन्त रोग सेवा सञ्चालनमा ल्याइसकेको छ । "सरकारले तोकेका पाँच वटा लक्षित वर्ग गरिब, असहाय, अशक्त, वृद्धावृद्धालाई परिचयपत्रको आधारमा उपचारको ५० प्रतिशत छुटको व्यवस्था छ", उहाँले भन्नुभयो, "कति पनि शुल्न तिर्न नसक्ने व्यक्तिका लागि पूरै उपचारमा निःशुल्क गरिएको छ ।" नागरिकका स्वास्थ्य सेवाका लागि गाउँपालिकाले अन्य सेवा सुविधा थप गर्ने कार्यमा अघि बढिरहेको गाउँपालिकाले जनाएको छ । आँबुखैरेनी गाउँपालिकाअन्तर्गत सञ्चालित आँबुखैरेनी अस्पतालले छ महिनाको अवधिमा १४ हजार पाँच सय ८३ जना बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालले आपतकालीन (इमर्जेन्सी) सेवा चार हजार तीन सय ७३ बिरामीलाई सेवा दिएको छभने छ सय ५२ बिरामीलाई भर्ना गरेर उपचार गरेको छ । अस्पतालले बिरामी दर्ताबाट छ लाख ६० हजार पाँच सय १० आम्दानी गरेको छभने सेवातर्फको आम्दानी रु ७७ लाख ९९ हजार दुई सय ६४ पुगेको जनाएको छ । उहाँका अनुसार अस्पतालले सञ्चालन गरेको फार्मेसी सेवाबाट मात्रै रु २४ लाख ४२ हजार एक सय ५६ आम्दानी गरिसकेको छ । अस्पतालबाट आँबुखैरेनी गाउँपालिकाका साथै छिमेकी पालिका र जिल्लाबाट सेवा लिइरहेका गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाको बन्दीपुर, भानु नगरपालिका, छिमेकी जिल्ला गोरखाको गोरखा नगरपालिका, पालुङटार नगरपालिका र चितवनको इच्छाकामना गाउँपालिका क्षेत्रबाट नागरिक स्वास्थ्य सेवा लिन आउने गरेका छन् ।

# वडाध्यक्ष कप भलिबल प्रतियोगिताको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन



पोखरा महानगरपालिका वडानम्बर १४ को आयोजनामा हुने वडाअध्यक्ष कप अन्तर वडास्तरीय पुरुष भलिबल प्रतियोगिताको तयारी पुरा भएको छ ।

प्रतियोगितामा पोखरा महानगरपालिका अन्तरगतका १३ वडाबाट सहभागिता रहने वडाध्यक्ष बोधबाहादुर कार्कीले जानकारी दिए । यही फागुन २२ देखि २४ गतेसम्म पोखरा महानगरपालिका वडानम्बर १४ मनकामना टोलमा रहेको मनोहर युवा क्लवको खेल मैदानमा खेल संचालन हुने छ । पोखरा महागरका प्रमुख धनराज आचार्यले प्रतियोगिताको उद्घाटन गर्ने मनोहर युवा क्लवका अध्यक्ष तथा प्रचारप्रसार संयोजक रामजी जिसीले जानकारी दिए । खेलकुद विकास समिति पोखरा १४ का अध्यक्ष शिवशंकर जिसीले प्रतियोगिता विजेताले १ लाख १ हजार ४१४, उपविजेताले ५५ हजार १४, तेस्रो हुनेले २५ हजार १४ र सान्त्वना हुने वडाले १५ हजार १४ रुपैया पुरस्कार पाउने जानकारी दिए ।

त्यस्तै विधागत तर्फ ५ खेलाडीलाइ पुरस्कृत गरिनेछ । सर्वोत्कृष्ट खेलाडीले ७ हजार १४ पुरस्कार पाउने छन् भने उत्कृष्ट ४ खेलाडी जनही ५ हजारका दरले पुरस्कृत हुनेछन् । टिम दर्ताका लागि ७ हजार पाँच सय शः्ुल्क लाग्ने प्रचारप्रसार उपसमितिका संयोजक जिसीले जानकारी दिए । प्रतियोगितामा सहभागी हुने टिमले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी २ जना समावेस गर्न सक्नेछन् भने अन्य खेलाडी सबै वडाको स्थाइ वासिन्दा वा मतदाता हुनुपर्ने छ ।

प्रतियोगिता सम्पन्न गर्न १६ लाख ६२ हजार खर्च लाग्ने अनुमान गरिएको छ । खेलकुद विकास समिति वडानम्बर १४ को व्यवस्थापन र मनोहर युवा क्लबको सहकार्यमा प्रतियोगिता हुनेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, श्री थापा मार्ग बाटो निर्माण समिति काजीपोखरी, थापामार्ग भित्री बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः श्री थापा मार्ग बाटो निर्माण समिति
ठेगानाः पोखरा-१४, काजीपोखरी, थापामार्ग
योजना शुरु हुने मितिः २०८१/१०/०६ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजनाको कुल लागतः रु. १२,१४,३७२.४७
महानगरपालिकाबाटः रु. ८,५०,०००|-
जनसहभागिताबाटः रु.३,६४,२५८.७१
अध्यक्षः मिन बहादुर थापा सम्पर्क नं.: ९८४६०५३८१५
निर्माण समिति सदस्य संख्याः ५ जना
महिलाः २, पुरुषः ३ जना

**काजीपोखरी टोलको मिन बहादुर थापाको घर अगाडिको बाटो निर्माण उपभोक्ता समिति पोखरा-१४, काजीपोखरी, थापामार्ग**